# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : ७ मिति २०८१/१० /०४

भाग-२

## जानकी गाउँपालिकाको गाउँ शिक्षा समिति तथा गाउँ खेलकुद विकास समिति संचालन तथा व्यवस्थापन गर्ने कार्यविधि, २०८१

प्रमाणीकरण मिति : २०८१/०९/२६

प्रस्तावना : जानकी गाउँपालिकाका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि जानकी गाउँपालिकाको गाउँ शिक्षा समिति तथा गाउँ खेलकुद विकास समितिलाई प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्न वान्छनीय भएकोले जानकी गाउँपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी जानकी गाउँपालिकाले "गाउँ शिक्षा समिति तथा गाउँ खेलकुद विकास समिति संचालन तथा व्यवस्थापन गर्ने कार्यविधि, २०८१" जारी गरेको छ।

## परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "गाउँ शिक्षा समिति तथा गाउँ खेलकुद विकास समिति संचालन तथा व्यवस्थापन गर्ने कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि जानकी गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) 'गाउँपालिका' भन्नाले जानकी गाउँपालिका सम्झनु पर्दछ ।

(ख) 'अध्यक्ष' भन्नाले जानकी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ग) 'उपाध्यक्ष भन्नाले' जानकी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(घ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) 'गाउँ शिक्षा समिति' भन्नाले जानकी गाउँपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा १० बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(च) गाउँ खेलकुद विकास समिति भन्नाले जानकी गाउँपालिकाको गाउँ खेलकुद विकास ऐन, २०७९ को दफा ३ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(छ) 'शाखा' भन्नाले जानकी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

(ज) 'शिक्षा अधिकृत' भन्नाले जानकी गाउँपालिकाको शिक्षा अधिकृत सम्झनु पर्दछ ।

(झ)उपसमिति र कार्यदल भन्नाले दफा ३ बमोजिम गाउँ शिक्षा समिति तथा गाउँ खेलकुद विकास समितिद्वारा गठित उपसमिति तथा कार्यदल सम्झनु पर्दछ ।



CS CamScanner

## परिच्छेद-२

### उप समिति तथा कार्यदल गठन सम्बन्धी व्यवस्था

३. उपसमिति र कार्यदल गठन गर्ने सम्बन्धी व्यवस्था : जानकी गाउँपालिकाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न गाउँ शिक्षा समिति र गाउँ खेलकुद विकास समितिले आवश्यकताको आधारमा बढीमा सात सदस्यीय उपसमिति र कार्यदल गठन गर्न सक्नेछ।

## परिच्छेद-३

### समिति, उपसमिति तथा कार्यदलको बैठक भत्ता सम्बन्धी व्यवस्था

४. समिति, उपसमिति र कार्यदलको बैठक भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्था: जानकी गाउँपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा १० बमोजिम गठन हुने गाउँ शिक्षा समिति, जानकी गाउँपालिकाको गाउँ खेलकुद विकास ऐन २०७९ को दफा ३ बमोजिम गठन हुने गाउँ खेलकुद विकास समिति र यस कार्यविधिको दफा ३ बमोजिम गठन हुने उपसमिति र कार्यदलका सदस्यहरुलाई तपसिल बमोजिम बैठक भत्ता तथा खाना/खाजा खर्च उपलब्ध गराइनेछ।

(क) बैठक भत्ता: प्रति बैठक रु. १,०००।- प्रति व्यक्ति

(ख) खाना/बस्न: (बास खर्च) बजार दररेट अनुसार

(ग) खाजा खर्च: रु. २००।- प्रति व्यक्ति

५. आमन्त्रित गर्न सकिने: जानकी गाउँपालिका शिक्षा समिति तथा खेलकुद विकास समितिबाट गठन हुने उपसमिति तथा कार्यदलले सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

६. दफा ५ बमोजिम आमन्त्रण गरिएका विषय विज्ञलाई दफा ४ बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा उपलब्ध गराइनेछ।

७. यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै बमोजिम र यस अघि भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

८. संशोधन गर्न सकिने: यस कार्यविधिमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner